# ३. परमेश्वरमा विश्वास

## क मुख्य पदहरु

| | |
|---|---|
| हिब्रु ११:१-३ र ६ | मत्ती १७:२० |
| रोमी १०:१७ | रोमी १:१७ |

## ख. परिचय

मृतकार्यदेखि पश्चातापबाट हुन आउने यो स्वाभाविक प्रगति हो. पहिला हाम्रो ध्यान स्वयंमा केन्द्रित थियो अब हाम्रो विचारको केन्द्रबिन्दु परमेश्वर हुनुभएको छ. मृतकार्यले परमेश्वरमा गर्नुपर्ने विश्वासमा सधैं अवरोध खडा गर्थ्यो. कुनै कुरातिर लाग्न कुनै कुरादेखि हामी फर्कनुपर्छ. परमेश्वरमा हाम्रो विश्वास बढनको निम्ति मृतकार्यदेखि हामीले पश्चाताप गर्नुपर्छ. वास्तवमा परमेश्वरमा गरेको विश्वासबाट उत्पन्न बाहेकका अन्य कामहरु मृतकार्य हुन (हिब्रु ११:६; रोमी १४:२३).

यो आधारभूत जगको सन्दर्भमा विश्वासलाई हेर्दा, - भरोसा गर्नु, अर्को व्यक्तिको वचनमाथि भर पर्नु आदिका रुपमा लिन सकिन्छ. परमेश्वरमा विश्वास गर्नुको अर्थ आफूमाथिको भरोसा हटाएर उहाँमा भरोसा गर्नु हो.

## ग. परमेश्वरमा विश्वास कसरी बढनथाल्छ ?

*१. मनका विचारहरु स्वच्छ राख्ने प्रवृत्ति*

विश्वास एउटा धारणा हो, आस्था हो. ग्रीक भाषाको pistis भन्ने शव्दबाट विश्वास शव्दको प्रादुर्भाव भएको छ. यसको अर्थ "मजबुत धारणा, "मजबुत विश्वास" "कुनैपनि सत्यप्रति दृढ विश्वास" हो (२तिमोथी १:१२). परमेश्वर बिना कुनै पनि कुराहरुमा केही सार नभएको तथ्यलाई हामीले स्वीकार गर्नुपर्छ. परमेश्वरको इच्छाप्रति हाम्रो विनम्रता र समर्पणताको भाव विश्वासभित्र समावेश छ (फिलिप्पी २:५-८). यो प्रवृत्तिलाई हामीले स्वीकार गर्नुपर्छ.

२. *विश्वास सत्य अनि ठोस चीज हो भनेर मानिलिनु*

कुनैपनि कुराहरु अस्तित्वमा आओस भनेर गरिने कल्पना वा इच्छालाई विश्वास भनिदैन. पवित्र आत्माको भित्री हृदयमा भएको कामको नतीजामा उत्पन्न सत्यप्रतिको दृढ निश्चयता नै विश्वास हो. केही कुराको निम्ति परमेश्वरले विश्वास दिनु भएमा ती कुराहरु हाम्रो मनमा रहेजस्तै परमेश्वरको मनमा पनि रहेको कुरामा हामी निश्चित हुनसक्छौं (हिब्रु ११:१; गन्ती २३:१९).

३. *विश्वास परमेश्वरबाट प्राप्त वरदान हो भनेर स्वीकार गर्नु*

आफ्नै मन अनुसार विश्वास गर्न हामी असमर्थ छौं. यो कुनै बौद्धिक कसरतको नतीजामा उत्पन्न हुने चीज होइन. विश्वास गर्नसक्ने सामर्थ्य पवित्र आत्माले हाम्रो हृदयमा हालिदिनुहुन्छ (एफिसी २:८).

४. *परमेश्वरको बारेमा हाम्रो ज्ञानमा वृद्धि भएपछि विश्वासमा पनि वृद्धि हुनथाल्छ*

तपाईले नचिनेको कुनैपनि मानिसमाथि तपाई भरोसा गर्नसक्नुहुन्न. परमेश्वरको विश्वासयोग्यताका बारेमा, उहाँको स्नेहमय चरित्रका बारेमा, उहाँको बाटोहरु र उहाँको महानताका बारेमा हामी जति सिक्दै र जान्दै जान्छौं उतिनै बढता हामी उहाँमा भरोसा गर्नसक्छौं. यो नै परमेश्वरमा गरिने सही विश्वासको आधार हो (व्यवस्था ७:९; भजन ९:१०; १थेस्स ५:२४). धर्मशास्त्रबाट पवित्र आत्माले दिनुभएको प्रकाशको अनुपातमा नै हामी परमेश्वरलाई चिन्नसक्छौं र उहाँबाट धर्मशास्त्र सम्मत सीधा प्रकाश पनि प्राप्त हुन्छ. यो कुरा जीवनका कतिपय अनुभवहरुबाट विश्वासद्वारा परमेश्वर सही हुनुभएको प्रमाणित हुन्छ (हिब्रु ११:६). कोही व्यक्तिसित बातचित नगरिकन उसित वास्तवमा हामी परिचित हुन सक्दैनौं. त्यसकारण परमेश्वरलाई चिन्ने अचम्मको एउटा माध्यम प्रार्थना हो. प्रार्थनाले जहिलेपनि दुइओटा कुराहरु प्रष्टपार्छ. पहिलो - परमेश्वरको इच्छा अनुसार गर्नचाहने चाहना र दोश्रो हाम्रो उहाँमाथिको सम्पूर्ण निर्भरता. याद राख्नुहोस् परमेश्वरको विश्वसनीयता महान र अपरिवर्तनशील छ (भजन ८९:३४); अनन्त छ (भजन ११९:९०). उहाँको विश्वसनीयतामा हामीले आफैंलाई सुम्पनुपर्छ (१पत्रस ४:१९; हिब्रु १०:२३) तथा हामीले उहाँको महानताको प्रशंसा गर्नुपर्छ (भजन ९२:१-२; भजन ८९:१).

५. *सुनाईको प्रत्युत्तरमा विश्वास उत्पन्न हुन्छ*

आफ्नो वचनद्वारा परमेश्वर आफ्ना विचारहरु पोख्नुहुन्छ. जब आफूले भनेका कुराहरु हामीले सुनोस भनेर पवित्र आत्माद्वारा उहाँले हामीलाई सहायता गर्नुहुन्छ, यो सत्य हो तथा हाम्रे निम्ति भएको कुराको निश्चित प्रत्युत्तर हामीबाट आउन पर्दछ. "विश्वास सुनाइबाट र सुनाई परमेश्वरको खास वचनबाट उत्पन्न हुन्छ" (रोमी १०:१७). हामीलाई दिएको वचनलाई स्वीकार गरेर जब हामी यसमा दृढ हुन्छौं र आवश्यकता अनुसार यस अनुसार काम गर्छौं परमेश्वरको सामर्थी सृजनात्मक कामले हामीभित्र वचन मुताविक कार्य गर्दै प्रतिज्ञा गरिएका कुराहरु अस्तित्वमा आउन थाल्छन्. कुनैपनि कुराहरु प्राप्त गर्न विश्वासद्वारा सम्भव भएको तथ्य येशूले प्रष्ट पार्नुभएको छ (मत्ती १७:२०). इन्द्रियजन्य प्राप्त ज्ञानको बदलामा विश्वासले काम गर्छ - विशेषगरी परमेश्वरबाट प्राप्त प्रकाश तथा उच्च स्रोतबाट प्राप्त ज्ञानमाथि भरोसा गर्नका निम्ति हाम्रो इन्द्रियबाट पाइने ज्ञानको पनि हामीलाई आवश्यकता छ.

मानिसका पाँच इन्द्रियबाट प्राप्त सबै ज्ञानहरुलाई इन्द्रिय-ज्ञान भनिन्छ. यो केवल ज्ञानमै सीमित भएकोले यसलाई मानवबुद्धि (१कोरिन्थी २:४-६) को नाम दिइएको छ. प्रकाशको ज्ञान त्यस्तो ज्ञान हो जुन पाँच इन्द्रियमा निर्भर हुँदैन र स्वाभाविक तर्क वितर्कमा भर पर्दैन तर यो उच्चस्रोत परमेश्वरको वचनमा आधारित हुन्छ. यो मानिसको आत्मालाई परमेश्वरको आत्माले प्रकट गरेको हुन्छ र यसलाई परमेश्वरको बुद्धिको रुपमा बयान गरिएको छ (१कोरिन्थी २:७-१६).

*"अब विश्वासचाहिं आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ भरोसा हो."* (हिब्रु ११:१)

६. *परमेश्वर र उहाँको विश्वसनीयतालाई अनुभव गरेपछि (मानिसमा) विश्वास उत्पन्न हुन्छ*

परमेश्वरमा जति-जति हाम्रो विश्वास बढनथाल्छ उहाँको विश्वसनीयताको अनुभव हामीलाई झन झन बढी हुनथाल्छ. यसरी हाम्रो विश्वासमा पनि वृद्धि हुनथाल्छ. परमेश्वरले हामीलाई चङ्गाई र आश्चर्यकर्मका वरदानहरु पनि दिनुभएको छ. उक्त वरदानहरुले हामीलाई उहाँतिर औंल्याएर हाम्रो विश्वासमा वृद्धि गर्दछ (यूहन्ना २:११; यूहन्ना ११:१५).

## घ. अन्तमा

समस्याहरुप्रति अपनाउने हाम्रा बौद्धिक अवधारणालाई विश्वास भनिदैन. परमेश्वर विश्वासको परमेश्वर हुनुहुन्छ : विश्वासद्वारा उहाँले ब्रम्हाण्डको रचना गर्नुभयो (हिब्रु ११:३). परमेश्वरको आत्माद्वारा नयाँ जन्म पाएको व्यक्तिले उहाँको सामर्थ्य तथा गुण प्राप्त गरेको छ. प्रत्येक व्यक्तिको पुरानो स्वभाव डर, शंका, गल्ती, तथा भ्रम जस्ता नकारात्मक तत्वहरुबाट प्रताडित छ. तर नयाँ स्वभावले अस्तव्यस्ततादेखि सुव्यवस्था, गरीबिदेखि समृद्धि, रोगदेखि स्वस्थता, झुटदेखि सत्य र पापदेखि धार्मिकतामा ल्याउंछ जुन परमेश्वरको आफ्नै स्वभाव हो. नयाँ स्वभावको प्रष्फुटिकरण नै विश्वास हो (रोमी १:१७). येशूका चेलाहरुको जीवनशैली परमेश्वरमा विश्वास हुनु हो.

## ङ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. विश्वासरहित कुनैपनि कुरा मृत हो, किन ?
२. के हामीले परमेश्वरप्रति विश्वास नभएका त्यस्ता कुनै कामहरु गरिरहेका छौं कि ? यदि भएमा त्यसबारेमा हामी के गर्ने बिचार गरिराखेका छौं ?
३. विश्वास सम्बन्धमा १यूहन्ना ५:४-५ र १पत्रस १:५ हरुले के भन्छन ?
४. के काम बिनाको विश्वासको प्रामाणिकता हामी दिनसक्छौं ? (याकूब २:१४-२६).
५. हाम्रो विश्वासलाई शुरु गर्ने र पूरा गर्नुहुने को हो ? (हिब्रु १२:२).
६. "देखिने कुराका आधारमा नभएर हामी विश्वासद्वारा हिंडछौं" भन्नुको मतलव के हो ? (२कोरिन्थी ५:७).
७. विश्वास कसरी प्रष्टिनुपर्छ ? (गलाती ५:६).

## च. सारांश र प्रयोग

१. परमेश्वरमा विश्वास बढनका निम्ति मृतकार्यबाट पश्चाताप जरुरी छ.
२. विना विश्वास परमेश्वरलाई खुशी पार्नु असम्भव छ.
३. जे कुरा हुन्छ भनेर परमेश्वरले भन्नुभएको छ त्यसमा आस्था राख्नु विश्वास हो.
४. हामीले आफैंमाथि भन्दा परमेश्वरमा भरोसा गर्नु विश्वास हो.
५. येशूका चेलाहरुको जीवनशैली परमेश्वरमा विश्वास गर्नु हो.

६. विश्वास परमेश्वरबाट आउंछ.
७. परमेश्वरको ज्ञान हामीमा वृद्धि हुदै जांदा विश्वास पनि बढन थाल्छ.